केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/विविध/११३/०६३/६४ **मितिः २०६३।१२।०८**

नेपाल धितोपत्र बोर्ड
थापाथली, काठमाडौं ।

**बिषयः Initial Public Offering मा लगानी गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रदान गर्ने सम्बन्धमा ।**

महाशय,

जुनसुकै Public Limited Company वाट प्राथमिक शेयर निस्काशन (Initial Public Offering) गरी सर्वसाधारणमा विक्रीको लागि आवहान गरेको अवस्थामा प्राथमिक शेयर (Primary Share Issue) खरीद गर्ने प्रयोजनको लागि यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रदान गर्ने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था कायम गर्ने गरी परिपत्र जारी गरिएको व्यहोरा तहांको जानकारीको लागि अनुरोध गर्दछु ।

Public Limited Company ले सर्वसाधारणमा प्राथमिक शेयर निस्कासन (Initial Public Offering -IPO) को लागि शेयर बिक्री खुल्ला गरेको पहिलो सात कार्यदिनसम्म बैंक तथा वित्तीय संस्थाले त्यस्तो शेयर खरिद गर्ने प्रयोजनका लागि कुनै पनि किसिमको कर्जा सुविधा प्रदान गर्न नपाउने । तर, त्यसरी आवहान गरेको पहिलो सात कार्यदिन सम्ममा पनि माग गरे बमोजिमको शेयर Fully Subscribe नभएमा सोको आठौ कार्य दिनदेखि देहाएबमोजिमका शर्तहरुको अधीनमा रही IPO का लागि कर्जा प्रदान गर्न सक्ने ।

क. Initial Public Offering को कार्य सम्पन्न गर्नका लागि नियुक्त भएको निस्कासन प्रबन्धक (Issue Manager) यस बैंकको इजाजतपत्र प्राप्त संस्था भएमा सो संस्थाले कुनै पनि व्यक्ति/फर्म/कम्पनीलाई Initial Public Offering का लागि कर्जा प्रदान गर्न नपाउने ।

ख. बैंक तथा वित्तीय संस्थाले Initial Public Offering मा लगानी गर्ने लगानीकर्ताहरुलाई प्रदान गर्ने कर्जाको कम्तीमा ५० प्रतिशत नगद मार्जिन राखेर मात्र कर्जा प्रदान गर्नु पर्ने ।

ग. यसरी प्रदान गरिएको कर्जाको भुक्तानी अवधि बढीमा धितोपत्र ऐन, नियमावली र धितोपत्रसंग सम्बन्धित नियमहरुमा शेयर बाँडफाँडको लागि तोकेको समय अवधिसम्म हुने र यस्तो कर्जाको पुर्नसंरचना र पुर्नतालीकीकरण गर्न नपाईने ।

घ. यस्तो कर्जा प्रवाह गर्दा पनि अन्य कर्जा प्रदान गर्दा अवलम्बन गर्नुपर्ने सम्पूर्ण प्रकिया पूरा गरेको हुनुपर्ने ।

ङ. यसरी प्रवाह भएको कर्जा असल कर्जामा रहेको अवस्था बाहेक अन्य अवस्थामा कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपरेमा शत् प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने ।

साथै, Initial Public Offering को कार्य सम्पन्न गर्नका लागि नियुक्त हुने Issue Managers यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था बाहेकका अन्य संस्थाहरु (जस्तैः नागरीक लगानी कोष) पनि हुन सक्ने भएकोले माथि बुदा नं. क देखि ङ सम्ममा उल्लेखित कतिपय व्यवस्थाहरु ती संस्थाको हकमा पनि आकर्षित हुन सक्ने देखिएको हुँदा उल्लेखित व्यवस्थाहरु लागू गर्ने सम्बन्धमा तहाँलाई अनुरोध गर्ने निर्णय भएकोले आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

भवदीय

(नारायण प्रसाद पौडेल)
निर्देशक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/विविध/१००/०६३/६४ **मितिः २०६३।११।१६**

नेपाल धितोपत्र बोर्ड
थापाथली, काठमाडौ

विषय : बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई ऋण नतिर्ने ऋणीहरुलाई कारवाही गर्ने सम्बन्धमा ।

महाशय,

नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वी महाशाखाको प.सं २०६३।६४ च.नं. ६५१ मिति २०६३।११।११ को पत्रबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ तथा नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०६३।८।२९ मा नयां उद्योग, फर्म वा कम्पनी दर्ता गर्न, सरकारी ठेक्का पट्टामा भाग लिन वा सम्बन्धित बैंकले स्वीकृति दिएको अवस्थामा ऋण तिर्ने प्रयोजनको लागि बाहेक बैंक तथा वित्तीय संस्थाहरुसंग कर्जा लिई ऋण नतिर्ने ऋणी तथा ऋणीसंग सम्बन्धित व्यक्तिहरुको स्वामित्वमा रहेको कुनै पनि चल अचल संपत्ति रोक्का राख्ने निर्णय भएकोले यसै पत्रसाथ संलग्न सूचीमा तीन पूस्ते नाम र ठेगाना उल्लेख भएका ऋणी तथा ऋणीसंग सम्बन्धित व्यक्तिहरुको स्वामित्वमा रहेको कुनै पनि चल सम्पत्ति रोक्का राख्न आवश्यक व्यवस्थाको लागि यस बैंक समक्ष अनुरोध भई आएको हुँदा यसै पत्रसाथ संलग्न सूचीमा उल्लेखित ऋणी र ऋणीसंग सम्बन्धित व्यक्तिहरुको स्वामित्वमा रहेको सुचिकृत संगठित संस्थाको शेयर/धितोपत्र नेपाल कानूनको अधीनमा रही सो को खरीद विकी/नामसारी हुन नदिने व्यवस्थाको लागि अनुरोध गर्दछु ।

**भवदीय**

(नारायण प्रसाद पौडेल)
**निर्देशक**

बोधार्थ :

१. नेपाल सरकार, अर्थ मन्त्रालय
२. नेपाल बैकर्श संघ, हेरिटेज प्लाजा, काठमाण्डौ : सबै सदस्यहरुलाई उपरोक्त व्यहोराको जानकारी गराउनु हुन ।
३. नेपाल वित्त कम्पनी संघ, वागदरवार विजनेस कम्प्लेक्स, काठमाण्डौ:सबै सदस्यहरुलाई उपरोक्त व्यहोराको जानकारी गराउनु हुन ।
४. विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, ववरमहल, काठमाण्डौ:सबै सदस्यहरुलाई उपरोक्त व्यहोराको जानकारी गराउनु हुन ।